गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. (F/Y) : २०८१/०८२
च.नं. (Ref No) :

## ठेक्का बन्दोबस्त द्वारा कवाडी कर संकलन गर्ने बोलपत्र आह्वानको सूचना
(पहिलो पटक सूचना प्रकाशित मिति : २०८१/०७/२३)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उप दफा २ घ बमोजिम यस गेरुवा गाउँपालिकाको क्षेत्राधिकार भित्र संकलन हुने कवाडी मालसामानमा लाग्ने कवाडी कर संकलन सम्बन्धि कार्य गर्न आ.व. २०८१/०८२ को लागी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/फर्म/कम्पनीहरुले कवाडी कर संकलनको लागी सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपशिलका कागजातहरु संलग्न राखी तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही तोकिएको मिति भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र फारम भरी पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

पेश गर्नुपर्ने कागजातहरु :

क) व्यक्तिको हकमा

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
- स्थायी लेखा नम्बर दर्ताको प्रमाण पत्रको प्रतिलिपी

ख) फर्म/कम्पनीको हकमा

- फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
- भ्याट/पान दर्ताको प्रमाण पत्रको प्रतिलिपी
- आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

| ठेक्का नं. | विवरण | न्यूनतम कबोल अंक रु. (मू.अ. कर बाहेक) मा बढाबढ हुनेगरी | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| Rev/GRM/03/2081/082 | गेरुवा गाउँपालिका क्षेत्रभित्र कवाडी कर उठाउने | २५०००।- (अक्षरेपी : पच्चीस हजार मात्र) | १०००।- |

| बोलपत्र खरिद गर्ने अन्तिम मिति र सयम | बोलपत्र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने अन्तिम मिति, समय र स्थान |
|---|---|---|
| २०८१/०७/२९ गते कार्यालय समय सम्म | २०८१/०७/३० गते दिउँसो १२ : ०० बजे भित्र | २०८१/०७/३० गते २ : ०० बजे |

२०८१/७/२३

नर बहादुर चन्द
प्रमुख प्रशासकिय अधिकृत

**email:** geruwarmun@gmail.com | info@geruwamun.gov.np |**website:** www.geruwamun.gov.np
सम्पर्क नं. अध्यक्ष: ९८५८०३८१११, प्रमुख प्रशासकीय अधिकृत: ९८५८०९०४४१, सूचना अधिकारी: ९८५८०३८११०
Contact No. Chairman: 9858038111, Chief Administrative Officer: 9858090441, Information Officer: 9858038110
समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार कृषि, पर्यटन र पूर्वाधार ।
Google Plus Code : F5GQ+5J Rajapur
स्थायी लेखा नं. २०१३६२०३१ | PAN: 201362031

गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल २०७३

प.सं. (F/Y) : २०८१/०८२
च.नं. (Ref No) :

- बोलपत्र फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिइने छ ।
- खरिद गरेको बोलपत्र फारममा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले सहीछाप गरी शिलबन्दी गरी खाम बाहिर ठेक्काको विवरण, ठेकेदारको नाम, ठेगाना, सम्पर्क नं. समेत स्पष्ट खुलाउनु पर्नेछ ।
- कबोल अंकको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको मेगा बैंक नेपाल लिमिटेड गेरुवा शाखामा रहेको गेरुवा गाउँपालिका धरौटी खाता नं. ग-३-१- १७२०१४०००००६२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्ने छ ।
- म्याद नाघि, रित नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्रहरु स्वीकार हुने छैन । बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत वा रद्द गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
- शिलबन्दी बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ ।बोलपत्रखोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधापर्ने छैन ।
- बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र ठेक्का कबोल रकम दाखिला गरी पट्टा उठाई सक्नु पर्नेछ ।
- उल्लेखित ठेक्काको कर दस्तुर दररेट गाउँपालिकाको आर्थिक ऐन २०८१ बमोजिम हुनेछ ।
- यस सम्बन्धमा कुनै विवाद उत्पन्न हुन गएमा गेरुवा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।
- यस सूचनामा भएका कुराहरु यसै बमोजिम र सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।
- यस सम्बन्धी थप जानकारीको लागी गेरुवा गाउँपालिका कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

२०८१/६/२३

नर बहादुर चन्द
प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर चन्द
प्रमुख प्रशासकिय अधिकृत